**SET-4**

**Series BVM**

कोड नं.
Code No. **24**

रोल नं.
Roll No. | | | | | | | |

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **4** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **10** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ्नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।
- Please check that this question paper contains **4** printed pages.
- Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **10** questions.
- **Please write down the Serial Number of the question before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 100*

*Time allowed : 3 hours* | *Maximum Marks : 100*

## खण्ड क

1. (क) एउटा गणमा कतिवटा वर्ण हुन्छन् ? त्यस्ता गण जम्मा कतिवटा हुन्छन् ? 3

(ख) 'स' गणको स्वरूप कस्तो हुन्छ ? चार 'स' गण भएको छन्द कुन हो ? 3

(ग) काव्यको आभूषणलाई के भनिन्छ ? अलंकारको मुख्य काम के हो ? 3

(घ) अनुप्रास अलंकार कसरी हुन्छ ? उदाहरण दिएर लेख्नोस् । 3

## खण्ड ख

2. तपाईंका प्राचार्यलाई तपाईंले तयार पारेको नाटक प्रदर्शन गर्न पाठशालाको रंगमंच प्रयोग गर्ने अनुमति माग्दै एउटा पत्र लेख्नोस् । 7

3. तलका कुनै ***एक*** विषयमाथि 250 शब्दभित्रका एउटा चाखलाग्दो निबन्ध लेख्नोस् : 8

(क) जीवनमा आइपर्ने विभिन्न समस्याहरू र समाधानका उपायहरू

(ख) पर्यावरण संरक्षण अनि त्यसको पहल

## खण्ड ग

4. (क) आफूले जति पढ्ने अवसर पाएकी भए रानु अर्की गार्गी हुँदी हो भन्ने प्रमोद प्रसादलाई किन लागेको थियो ? रानुले के कारणले पढ्ने अवसर पाउन सकिनन् ? 5

(ख) रनेले के गरी पेट पालन गर्‍यो ? उ भूत कै दाँजामा कसरी पुञै आँटेको थियो ? 5

**अथवा**

सप्रसंग व्याख्या गर्नोस् :

'दाजु, फेरि फेरि आउँदै गर्नु होस् है,
नमरी बाँचे कालले साँचे फेरि भेट्दै
गरौंला !' रने दंग परयो ।

(ग) नानीको वाल सुलभ प्रश्नहरू कं के थिए ? ती प्रश्नहरूका उत्तर दिन आमालाई कसरी हम्मे-हम्मे परेको थियो ? 5

**5.** (क) अँग्रेजीमा नुन छ, यहीं केटाकेटीको मुखमा पापा-चीची छ भनेर देवकोटाले कसरी अँग्रेजीलाई हाइ ! हाइ ! अँग्रेजी ! भनेर प्रशंसा गर्नु हुन्छ ? *5*

(ख) मानिसको जीवनमा सपनाको के महत्व छ ? सपना र वितेको समयलाई लेखकले कसरी एकै देख्नु हुन्छ ? *5*

**6.** (क) ग्रीष्म विचारमा उल्लेखित ग्रीष्मको प्रचण्ड ताप अनि यसको कारणले मानिस, पशु-प्राणी, र प्रकृतिमा पारेको प्रभावको वर्णन संक्षेपमा पेश गर्नोस् । *6*

(ख) सप्रसंग व्याख्या गर्नोस् (कुनै ***एक***) : *4*

(i) त्यस्तै सुवासना-पूर्ण पुष्पको तुल्य जीवनी ।
सृष्टि-सौन्दर्यका निम्ति चाहन्छन् देवता पनि ।।

(ii) नयनाऽऽनन्दका साथै रसानाऽऽनन्द-दायक ।
फल अर्को कुनै छैन सुन्तला-तुल्य लायक ।।

**7.** (क) विद्वानहरूको मत अनुसार नाटकको सफलता र असफलताको परीक्षण कसरी गर्न सकिन्छ । *4*

(ख) नीतिशालाई किन वन्दिनी भनियो ? उनलाई सबैभन्दा शक्तिशाली हतियार कलम हो भन्ने किन विश्वास छ ? *6*

**8.** (क) जसेले मालिनीलाई विहेको प्रस्ताव किन राख्यो ? उक्त प्रस्तावलाई मालिनीले किन नकारी ? जसेका सजायको मूल कारण के थियो ? *2+2+2*

(ख) चैनधोज सरदारले जसेलाई किन राख्न चाहेनन् ? उनले जसेलाई कहाँ गएर कसलाई भेट्ने सल्लाह दिए ? *4*

**9.** (क) कवि शिरोमणि भनी कसलाई भनिन्छ ? उनका दुइवटा कृतिहरूका नाम लेख्नोस् । *2*

(ख) बालकृष्ण समको पूरा नाम के हो ? उनको 'इसोर' कविता कुन पत्रिकामा छापिएको थियो ? *2*

(ग) रामकृष्ण शर्मा कहाँ जन्मेका थिए ? शारदा पत्रिकामा छापिएको पहिलो समालोचना कुन हो ? *2*

(घ) बालकृष्ण सम र रामकृष्ण शर्माको एक-एकवटा कृतिका नाम लेख्नोस् । *1*

(ङ) 'चिसो चुल्हो' महाकाव्य कसले लेखेका हुन् ? *1*

**10.** (क) नेपालका खसान प्रदेशमा वस्ने जातिहरू को थिए ? तिनीहरूको बोल्ने भाषा के थियो ? *2*

(ख) नेपाली भाषा आज कसरी सबैको साझा भाषा भएको छ ? *3*

(ग) संस्कृतबाट प्राकृत भाषा हुँदै बनेका नेपाली भाषा जस्ता अन्य भारतीय भाषाहरू कुन कुन् हुन् ? *2*

(घ) कथा र उपन्यासलाई हामी कसरी भिन्न प्रकारले छुट्याउन सक्छौं ? *3*